# कोभिड-19 खोपः आमाबुबालाई के थाहा हुनु आवश्यक छ

**वयस्कहरूमा प्रयोगको मन्जुरी प्राप्त कोभिड-19 फाइजर खोपलाई अब 12 वर्ष र माथि उमेरका बच्चाहरूमा प्रयोग निम्ति मन्जुरी दिइएको छ।**

**मेरो बच्चाले कोभिड-19 खोप किन लगाउनु पर्नेछ?**
तपाईंले आफूलाई र आफ्नो बच्चालाई खोप लगाउनु संक्रमणविरुद्ध सुरक्षा तथा सामान्य स्थितितर्फ हाम्रो फिर्ति निम्ति महत्त्वपूर्ण पाइलो हो। तपाईंको बच्चालाई खोप लगाउनाले मद्दत पाउन सकिन्छः

- तपाईंको बच्चालाई कोभिड-19 को गम्भीर संक्रमणबाट सुरक्षित गर्न।
- भाइरसको प्रसारलाई रोकेर प्रियजनहरूलाई सुरक्षित गर्न।
- पारम्परिक स्कूले वातावरण, खेलकूद एवम् अन्य अतिरिक्त गतिविधिहरूमा फर्कन।
- मास्क लगाउनु पर्ने आवश्यकतालाई समाप्त गर्न।
- समुदायभित्र भाइरसको प्रसार घटाउन।

**बच्चाहरू, कोभिड-19 र खोप बारे तपाईंलाई थाहा हुनुपर्ने केही तथ्यहरू यहाँ दिइएका छन्।**

**तथ्य #1: बच्चाहरूलाई कोभिड-19 हुन सक्दछ।**
कोभिड-19 ले गर्दा तपाईंको बच्चा एक वयस्क जसरी बिरामी नपर्न सक्दछ, र कुनै लक्षणहरू नदेखिन पनि सक्दछन्, तर पनि उनीहरूलाई संक्रमण हुन सक्दछ। केही बच्चाहरू गम्भीर रूपमा बिरामी परेका थिए होलान्, र विरलो मामिलामा, मृत्यु भएको होला। साथै, तपाईंको बच्चालाई कोभिड-19 भएको छ, तर लक्षणहरू देखिएका छैनन् भने उनीहरूले आफू वरिपरिका परिवारजन, साथी, शिक्षक, कोच र अन्यहरूलाई संक्रमित गर्न सक्दछन्।

**तथ्य #2: खोपबाट बच्चाहरूलाई कोभिड-19 सर्दैन।**
खोपबाट तपाईंलाई कोभिड-19 सर्न सक्दैन। खोप लगाएपछि तपाईंको बच्चामा शरीर दुखाइ, थकावट र टाउको दुख्ने जस्ता दुष्प्रभाव देखिन सक्दछन्। उनीहरूका शरीरले देखाउनु पर्ने प्रतिक्रियाका कारण ती दुष्प्रभावहरू हुन्छन्, तर यसरी शरीरले भाइरसविरुद्ध लड्न प्रतिरक्षण शक्तिको निर्माण गरिरहेको हुन्छ। दुष्प्रभावहरू देखिए तापनि सामान्यतया एकदेखि दुई दिनमा हराउँछन्।

**तथ्य #3: कोभिड-19 खोपले प्रजनन क्षमतामाथि प्रभाव पर्दैन वा बच्चाहरूमा न्यून शुक्राणु गणना हुँदैन।**
कोभिड-19 खोपले गर्भावस्थामाथि प्रभाव पार्ने वा भविष्यमा प्रजनन समस्याहरू उत्पन्न गर्ने वा न्यून शुक्राणु गणना हुने कुनै प्रमाण छैन। धेरैजनाले खोप लगाएपछि पनि गर्भधारण गरिरहेका छन् तथा स्वस्थ शिशुहरू जन्माइरहेका छन्।

**तथ्य #4: खोप लगाएपछि बच्चाहरू कोभिड-19 गराउने भाइरस SARS CoV-2 को परीक्षणमा पोजेटिभ हुँदैनन्।**
खोपले पोजेटिभ परीक्षण रिपोर्ट दिँदैन। तपाईंको बच्चामा प्रतिरक्षण प्रणाली विकसित भएपछि, जो खोपको लक्ष्य हो, उनीहरूमा एन्टिबोडिजको परीक्षणको परिणाम पोजेटिभ आउनु पर्दछ। एन्टिबोडिज परीक्षणमा पोजेटिभ परिणामले तपाईंको बच्चालाई कि त पहिले कोभिड-19 भएको थियो (तपाईंलाई यसबारे थाहा नभएको भए तापनि) वा उनीहरूमा खोपको असर भइरहेको छ र उनीहरू अब यसविरुद्ध सुरक्षित छन् भन्ने देखाउँछ।

[जारी]

NATIONWIDE CHILDREN'S®

*When your child needs a hospital, everything matters.*

**तथ्य #5: बच्चाहरूलाई कोभिड-19 भएको थियो भने पनि उनीहरूलाई खोप लगाउनु पर्दछ।**

शरीरमा एन्टिबोडिज कति लामो समयसम्म रहन्छन् र भाइरसबाट हाम्रो रक्षा गर्दछन् भन्ने हामीलाई ज्ञान छैन। साथै, फेरि कोभिड-19 हुन सक्दछ, त्यसैले तपाईंका बच्चाहरूलाई, उनीहरूलाई  कोभिड-19 भएको थियो भनेपनि, खोप लगाउनु जरुरी छ। तपाईंको बच्चालाई कोभिड-19 भएको थियो र उसको उपचार मोनोक्लोनल एन्टिबोडिज वा कन्भालसेट प्लाज्माद्वारा गरिएको थियो भने उनीहरूलाई कोभिड-19 खोप लगाउनुभन्दा पहिले 90 दिन पर्खनु आवश्यक छ।  उनीहरूलाई दिइएको उपचारबारे आफ्ना चिकित्सकलाई सोध्नुहोस्।

**तथ्य #6: स्वस्थ तथा कुनै आन्तरिक स्वास्थ्य समस्या नभएका बच्चाहरूले पनि खोप लगाउनु नै पर्दछ।**

खोप लगाउनु संक्रमणको जोखिम मोल्नुभन्दा बढी सुरक्षित छ किनभने कोभिड-19 ले सबैलाई भिन्दा-भिन्दै तरिकाले प्रभावित गर्दछ र तपाईंको बच्चा कति गम्भीर रूपमा बिरामी पर्न सक्दछ भनी अड्कल काट्ने कुनै तरिका छैन। अति स्वस्थ व्यक्तिहरू अत्यन्तै गम्भीर रूपमा बिरामी परे भने अनेकौं क्रोनिक (बारम्बार हुने) स्वास्थ्य अवस्था भएका मानिसहरूमा पटक्कै कुनै लक्षण देखिएनन्।

**तथ्य #7: कोभिड-19 खोपले तपाईंको डिएनए (DNA) मा हेरफेर गर्दैन।**

कोभिड-19 खोप लगाएपछि तपाईंको बच्चाको डिएनए (DNA) परिवर्तित हुँदैन। हाल प्रयोगमा रहेका दुई खोपहरू – म्यासेन्जर आरएनए (mRNA) र भाइरल भेक्टर – डिएनए (DNA) लाई प्रभावित पार्ने किसिमका छैनन्। खोपहरूले हाम्रो शरीरलाई प्रतिरक्षण प्रतिक्रिया जनाएर रोगाणुहरूबाट स्वाभाविक रूपमा लड्न सिकाउँछन्।

**तथ्य #8: खोप लगाएपछि तपाईंको बच्चा कोभिड-19 को कारण बिरामी पर्ने छैन भन्ने ग्यारेन्टी छैन।**

कुनैपनि खोप 100% प्रभावकारी हुँदैन, तर पूरा खुराक लिएकाहरूमा हल्का र गम्भीर संक्रमण रोक्न कोभिड-19 खोप अत्यन्तै प्रभावकारी रहेको देखिएको छ।

**तथ्य #9: कोभिड-19 खोपहरू सुरक्षित छन्।**

उपलब्ध सबै खोपहरू अनेक नस्ल र आयुलगायत विविध सहभागीहरूका लागि अत्यन्तै सुरक्षित रहेका प्रमाणित भएका छन्।  उपलब्ध खोपहरू, पहिलेका टेटनस र पोलियो खोपहरू जसरी नै, समान परीक्षण प्रक्रियाबाट गुज्रेका हुन्।

**तथ्य #10: कसैले पनि कोभिड-19 खोप निःशुल्क लगाउन सक्दछ।**

मन्जुरी-प्राप्त सबै कोभिड-19 खोपहरू जनसाधारण निम्ति निःशुल्क छन्।

**थप जानकारी निम्ति cdc.gov हेर्नुहोस्।**

**तपाईं र/वा तपाईंको बच्चालाई कोभिड-19 खोप लगाउनका लागि अप्वाइन्टमेन्ट मिलाउन अथवा कोभिड-19 भ्याक्सिन वाल्क-इन उपलब्धताबारे थप जानकारी प्राप्त गर्न NationwideChildrens.org/Vaccine हेर्नुहोस्।**

NATIONWIDE CHILDREN'S®

*When your child needs a hospital, everything matters.*

W334017